**अनुसूची- २**
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : २ प्रमाणिकरण मितिः २०८१/०२/३१ प्रकाशन मितिः २०८१/०२/३१

## भाग – २

भजनी नगरपालिकाको एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सहजताका साथ उपलब्ध गराई** उनीहरूको बाँच्न पाउने, संरक्षण, विकास र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न एवं स्थानीय तहबाट प्रदान गरिने सेवा र सञ्चालन गरिने कार्यक्रम एकीकृत रुपमा लागु गर्न तथा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ को उद्देश्यहरु कार्यान्वयन गर्न वाञ्छनीय भएकोले;

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद –१
### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः- (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “कार्यविधि” भन्नाले एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ लाई सम्झनु पर्छ ।

(ख ) "नगरपालिका" भन्नाले भजनी नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगर प्रमुख" भन्नाले भजनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "नगर उपप्रमुख" भन्नाले भजनी नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ; सो शब्दले सो काम गर्न तोकिएको व्यक्तिलाई समेत सम्झनु पर्दछ ।

(च) "प्रारम्भिक बाल विकास उमेर" भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई सम्झनु पर्छ ।

(छ) "बालविकास संयोजक " भन्नाले भजनी नगरपालिकाले नियुक्त गरेको वा जिम्मेवारी दिइएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "बाल कल्याण अधिकारी" भन्नाले नगरपालिकामा बाल कल्याण अधिकारीको रुपमा कार्यरत वा सो कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) "रणनीति" भन्नाले प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ लाई सम्झनु पर्छ ।

## परिच्छेद –२

## स्थानीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

३. **स्थानीय प्रारम्भिक बालविकास समिति** :- (१) प्रारम्भिक बालविकास सम्वन्धी कार्यक्रम संचालन गर्न नगरपालिका स्तरीय देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| (ङ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| (च) बाल कल्याण अधिकारी | सदस्य |
| (छ)स्थानीय स्तरमा रहेका बालमैत्री शासन सम्बन्धि तालिम प्राप्त व्यक्ति एक जना | सदस्य |
| (ज) अध्यक्ष, स्थानीय बाल अधिकार समिति | सदस्य |
| (झ) शिक्षा शाखा प्रमुख | सदस्य-सचिव |

४. **स्थानीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार**:- (१) स्थानीय प्रारम्भिक बाल विकास समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :-

(क) स्थानीयस्तरमा राष्ट्रिय तथा प्रदेशको नीति, रणनीति, कार्यक्रमसँग तादाम्यता हुने गरी प्रारम्भिक बालविकासको नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने ।

(ख) प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।

(ग) वडास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन गर्न सहयोग गर्ने ।

(घ) कार्यक्रमको खाका तयार गरी लागू गर्ने ।

(ङ) आर्थिक स्रोतको व्यवस्थापनमा समन्वय र सहजिकरण गर्ने ।

(च) मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने ।

(छ) सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ज) बालविकास सम्बन्धी कार्यको समन्वय, कार्यान्वयनका लागि बालविकास संयोजकको व्यवस्था गर्ने ।

५. **समितिको वैठक सम्बन्धी व्यवस्था**:- (१) समितिको बैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ तर आवश्यकता भएको खण्डमा जुनसुकै बेला बस्न सक्नेछ| समितिले आवश्यकता अनुसार उपसमितिहरू निर्माण गरी कार्य गर्न, गराउन सक्नेछ । समितिले आवश्यकता अनुसार सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्र तथा सेवा प्रदायक निकायका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. <u>वडास्तरीय प्रारम्भिक बालविकास समिति</u> : (१) प्रारम्भिक बालविकास सम्वन्धी कार्यक्रमलाई सहजीकरण गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | अध्यक्ष |
| (ख) वडा सदस्य, महिला | सदस्य |
| (ग) वडा सदस्य, दलित महिला | सदस्य |
| (घ) वडा स्तरमा रहेका विद्यालयहरु मध्य बाट माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्ये एक जना | सदस्य |
| (ङ) वडा भित्र रहेका भलमन्साहरु मध्ये एक जना, | सदस्य |
| (च) वडा भित्र रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये एक जना | सदस्य |
| (छ) स्थानीय स्तरमा रहेका बालमैत्री शासन सम्बन्धि तालिम प्राप्त व्यक्ति एक जना | सदस्य |
| (ज) प्रारम्भिक बालविकासमा कार्यरत गैर सरकारी संस्थाहरु मध्य एकजना प्रतिनिधि | सदस्य |
| (झ) वडा सचिव | सदस्य-सचिव |

(२) बालविकासको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाका प्रतिनिधि, वडा सदस्य, कृषि, पशु शाखालाई बैठकमा आमन्त्रण गर्न सकिने छ।

(३) खण्ड (घ) को हकमा माध्यमिक बिद्यालय नभएको खण्डमा आधारभूत तहको विद्यालयको प्रधानाध्यापकलाई समितिको सदस्य राख्न सकिनेछ।

७. **<u>वडास्तरीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकारः-</u>**

(१) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः-

(क) स्थानीयस्तरमा तयार गरिएको प्रारम्भिक बालविकासको कार्यनीति लागु गर्ने ।

(ख) प्रमुख कार्यान्वियनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू कार्यान्वियन गर्ने ।

(ग) वडास्तरमा कार्यक्रम सञ्चालन गर्ने ।

(घ) प्रारम्भिक बालविकासका कार्यक्रम कार्यान्वियनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) तोकिएको मापदण्ड अनुसार कार्यक्रम अनुगमन, नियमन तथा कार्यान्वियनको सुनिश्चितता गर्ने ।

(च) सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वियनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८. **<u>वैठक सम्बन्धी व्यवस्था</u>**:- (१) वडा स्तरीय प्रारम्भिक बालविकास सहजीकरण समितिको बैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ, आवश्यकता भएको खण्डमा जुनसुकै बेला बस्न सक्नेछ ।

## परिच्छेद - ३
## <u>स्थानीय एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमका क्षेत्रहरु</u>

९. एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमका क्षेत्रहरु देहाय बमोजिम हुनेछन

(क) बाल बिकास

(ख) बाल शिक्षा

(ग) बाल स्वास्थ्य

(घ) बाल अधिकार

(ङ) बाल संरक्षण

(च) बाल सहभागीता

(छ) बाल उत्प्रेरणा

(ज) बाल क्षमता पहिचान तथा बिकास

(१) यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने वालविकास संयोजकको व्यवस्थापन नगरपालिकाले गर्नेछ |

**परिच्छेद - ४**

**विविध**

१०. **अनुगमन तथा मूल्यांकन:-** (१) यस कार्यविधी बमोजिम संचालन हुने सम्पूर्ण कार्यक्रमहरुको स्थानीय प्रारम्भिक वालविकास समितिले अनुगमन तथा मूल्यांकनमा गर्नेछ । मुल्यांकन गर्दा सरोकारवाला पक्षहरुलाई समेत सहभागी गराउनु पर्नेछ |

(२) समितिले अनुगमन तथा मूल्यांकनको चौमासिक प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

११. **बजेट व्यवस्थापन:** (१) प्रारम्भिक बाल बिकासका लागी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने बजेटको व्यवस्था नगरपालिकाले आफ्नो श्रोत तथा अन्य साझेदार संघ संस्थाको सहयोगमा गर्न सक्नेछ |

(२) प्रारम्भिक बाल बिकास कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यक श्रोत परिचालनका लागि साझेदार संस्थाहरुलाई प्रोत्साहन गरिनेछ |

१२. **बाधा अड्काउ फुकाउ:-** यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार भजनी नगरपालिका, नगरकार्यपालिकालाई हुनेछ |

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत